# महिला उधमीहरुलाई बाख्रा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०

गाउँ कार्यपालिकाको मिति २०८०/११/३० को निर्णयबाट स्वीकृत

बर्जु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा, सुनसरी

कोशी प्रदेश, नेपाल

# <u>महिला उधमीहरुलाई बाखा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०</u>

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/३०**

**प्रमाणीकरण मितिः २०८०/१२/१३**

**<u>प्रस्तावनाः</u>**

व्यावसायिक रुपमा बाखापालन गर्न उन्मुख वा गरिरहेका महिला उधमिहरुलाई व्यवसाय विस्तारका लागी थप बाखा वितरण गरी आयस्तर वृद्दीका लागि बाखापालन व्यवासायलाई प्रवर्द्वन एवं संरक्षण गर्न साथै बाखाको श्रोत केन्द्र (पकेट)को रुपमा विकास गर्न वान्छनीय भएकोले बर्जु गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## <u>परिच्छेद-१</u>

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यस कार्यविधिको नाम "महिला उधमिहरुलाई बाखा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"महिला उधमी"** भन्नाले आधुनिक तरिकाले बाखापालन व्यवसाय गर्ने महिलालाई सम्झनु पर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले महिला उधमिहरुको लागी गरिने बाखा वितरण सम्बन्धि कार्यक्रम सम्झनु पर्छ।

**(ग)** **"कृषक समुह"** भन्नाले कार्यक्रममा सहभागी हुन आउने महिला उधमि/ व्यक्ति(सदस्य)हरु मिलि बनेको समुहलाई सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले समुहहरुको प्रतिनिधित्व गर्न गठित समितिलाई सम्झनु पर्छ।

(ङ) **"कार्यालय"** भन्नाले बर्जु गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(च) **"सम्बन्धित शाखा"** भन्नाले गाउँपालिकाको पशु सेवा शाखा वा पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

(छ) **"कार्यविधि"** भन्नाले महिला उधमिहरुलाई बाखापालनका लागी बाखा वितरण कार्यक्रम संचालन कार्यविधि-२०८० सम्झनु पर्छ।

३. **<u>उधेश्यः</u>** यस कार्यविधिको उधेश्य देहाए बमोजिम हुनेछ।

(क) बाखापालन व्यवसायमा संलग्न महिला उधमिहरुको व्यवसाय विस्तारमा सहयोग गरी मनोबल उच्च बनाउने।

(ख) व्यवसायीहरुको आर्थिक अवस्थामा थप सुधार ल्याउने।

(ग) रोजगारीको अवसर सृजना गरी बेरोजगारीको समस्या समाधानमा सहयोग पुर्याउने।

(घ) बाख्रापालनलाई श्रोत केन्द्र (पकेट) को रुपमा विकास गर्ने।

(ङ) मासुको सहज आपूर्तिमा सहयोग गर्ने।

## परिच्छेद-२

### ४. कार्यक्रम संचालन प्रकृयाः

### ४.१ सहभागीहरुको छनौट विधिः

४.१.१. कम्तिमा ५ माउ बाख्रापालन गर्दै आएका महिला उधमिहरुको व्यक्ति/समुहलाई यस कार्यक्रममा सहभागी गराईने छ।

४.१.२ प्रत्येक ५ वटा महिला उधमी समुहको १ वटा समिति गठन गरिनेछ।

४.१.३ कृषक समिति गाउँपालिका कार्यालयको सम्बन्धित शाखामा दर्ता गरी प्रमाणपत्र लिनु पर्नेछ।

४.१.४ कृषक समितिको नाममा बैंकमा खाता संचालन गर्नु पर्नेछ।

४.२ **तालिम संचालनः** कार्यक्रममा समावेश भएका व्यक्ति/समुहहरुलाई सम्बन्धित शाखा मार्फत पशुपालन सम्बन्धि आधारभूत तालिम प्रदान गरिने छ।

४.३ **खोर निर्माणः** व्यवस्थित खोरको निर्माण सहभागी आफैंले गर्नु पर्नेछ।

४.४ **बाख्रा/बोका वितरणः** लागत सहभागितामा तोकिएको बाख्रा खरिद गरी खोर व्यवस्थापन गरी सके पश्चात प्रत्येक कृषकलाई २/२ वटाको दरले उन्नत तथा क्रस जातका बाख्रा गोला प्रथा द्वारा उपलब्ध गराईने छ। साथै प्रत्येक समुहमा १ वटा उन्नत जातको बोका समेत वितरण गरिने छ।

४.५ **पशु विमा गर्नुपर्ने:** कार्यक्रम अन्तर्गत वितरण गरिएका सम्पूर्ण बाख्राहरूको अनिवार्य विमा गरि ट्यागिंग गर्नुपर्नेछ।

४.६ **उपचार तथा खोपको व्यवस्थाः** कार्यक्रम अन्तर्गत वितरण गरिएका तथा लागत सहभागिता स्वरूप कृषकले खरिद गरेका सम्पूर्ण बाख्राहरूको उपचार (परजीवी नियन्त्रण, छाला सम्बन्धि रोग) तथा महामारी रोग (पी.पी.आर./खोरेत) विरुद्द खोपको व्यवस्था कृषक आफैंले गर्नु पर्नेछ।

४.७ **घाँसको विऊ/वेर्ना/ सेट्स वितरणः** कार्यक्रम अन्तर्गतका बाख्राहरूको आहारा व्यवस्थापनका लागी समय तथा मौसम अनुसारका विभिन्न घाँसबालिका विऊ/वेर्ना/सेट्स आदि सहभागी आफैंले व्यवस्था गर्नु पर्नेछ।

### ५. शर्तहरुः

५.१ <u>आवेदन पेश गर्नुपर्नेः</u> कार्यक्रममा सहभागी हुने व्यक्ति (कृषक) हरुले व्यक्तिगत/समुहगत रुपमा कार्यालयले उपलब्ध गराउने अनुसूची-१ अनुसारको आवेदन भरि आवश्यक कागजात सहित सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ।

५.२ <u>लागत सहभागिताः</u> तालिममा सहभागी भए पश्चात कार्यालयले उपलब्ध गराउने २ वटा बाख्रा र सहभागीहरुले ५ वटा उन्नत तथा क्रस जातको बाख्रा लागत सहभागी स्वरूप आफैंले खरिद गर्नुपर्नेछ। साथै माउ बाख्रा र त्यसका पाठापाठीहरुको लागी अनुसूची-३ बमोजिमको खोरको व्यवस्था आफैंले गर्नुपर्नेछ।

५.३ <u>सम्झौता गर्नुपर्नेः</u> कार्यक्रम संचालनका लागी अनुसूची-२ अनुसारको द्विपक्षिय सम्झौता गर्नुपर्ने छ।

## <u>परिच्छेद-३</u>

६. <u>अनुगमन तथा मुल्यांकनः</u> कार्यक्रम संचालन प्रतिफलको अनुगमन तथा मुल्यांकन गर्न निम्नानुसारको अनुगमन तथा मुल्यांकन समिति रहने छ र समितिले आवश्यकता अनुसार संचालित कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नेछ।

१. गाउँपालिकाको उपाध्यक्ष _ संयोजक
२. आर्थिक विकास समिति संयोजक – सदस्य
३. आर्थिक प्रशासन/लेखा शाखा प्रमुख – सदस्य
४. सामान्य प्रशासन शाखा प्रमुख – सदस्य
५. पशुपन्छी विकास शाखा प्रमुख – सदस्य

## <u>परिच्छेद- ४</u>

७. <u>विविधः</u>

७.१ <u>आर्थिक पक्षः</u> यस कार्यविधि अन्तर्गत संचालन गरिने सम्पूर्ण कार्यक्रम/ क्रियाकलापको आर्थिक व्यवस्था अनुसूची-४ अनुसार हुनेछ।

७.२ <u>अमान्य हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका कुरा प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म सामान्य हुनेछ।

७.३ <u>संशोधन तथा खारेजीः</u> कार्यक्रम कार्यन्वयन गर्ने शिलशिलामा कार्यविधि संशोधन तथा खारेज गर्नुपर्ने भएमा सो सम्बन्धि सम्पूर्ण अधिकार बर्जु गाउँपालिकामा निहित रहनेछ।

## अनुसूची-१

## आवेदन फारम (नमुना)

श्रीमान कार्यालय प्रमुख ज्यु,
बर्जु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अमाहिवेल्हा,सुनसरी

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति ....................................... गतेका दिन प्रकाशित सुचना बमोजिम ............................................................... कार्यक्रममा सहभागी हुन ईच्छुक म/ हामी ..................................................................... उक्त कार्यक्रममा सहभागी हुन पाउँ भनि आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु/ गर्दछौं।

निवेदन साथ संलग्न कागजातहरुः

१. ना.प्र.प. को प्रतिलिपी थान-१
२. फार्मको प्रमाणपत्रको प्रतिलिपी थान-१ (फार्मको हकमा)
३. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी थान-१
४. ५ वटा बाख्रा स्पस्ट रुपमा देखिने गरी खोरको र बाख्राको फोटो (कम्तिमा ५ वटा)
५. आवश्यक भएमा अन्य कागजात समेत

निवेदक

..............................................................
..............................................................
..............................................................

# अनुसूची-२

## सम्झौता पत्र

श्री बर्जु गाउँपालिका (यस पछी पहिलो पक्ष भनिने) र सुनसरी जिल्ला, बर्जु गाउँपालिका वडा नं................ स्थित .................................... बस्ने श्री ............................................................ (यस पछी दोश्रो पक्ष भनिने) बीच साझेदारी/ सहकार्यमा आ.व. २०८०/०८१ को स्वीकृत ....................................................................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

तपशिल

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।
२. दोश्रो पक्षले सम्झौतामा हस्ताक्षर भएपछी तत्काल काम सुरु गर्नु पर्नेछ।
३. कार्यक्रम संचालनको क्रममा दोश्रो पक्षको सम्पूर्ण सदस्यहरुको अनिवार्य सहभागिता हुनु पर्नेछ।
४. कार्यक्रम संचालनका लागि लागु गरिएका शर्तहरु दुवै पक्षले मंजुर गर्नुपर्नेछ।
५. आवश्यकता अनुसार दुवै पक्षको सहभागिता लागु गरिएका शर्तहरुमा हेरफेर गर्न सकिनेछ।
६. सम्झौताको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा आपसी समझदारीमा विवाद निरुपण गरिनेछ।
७. प्रथम पक्षले माग गरेको विवरण यथाशिघ्र सहज रुपमा दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

प्रथम पक्षको तर्फबाट
नाम, थरः
पदः
संस्थाको नामः
मितिः
छापः

दोश्रो पक्षको तर्फबाट
नाम,थरः
पदः
संस्थाको नामः
मितिः
छापः

रहोबरः
नाम,थरः
ठेगानाः
पदः

## अनुसूची-३

## बाख्राको खोर निर्माणका मापदण्डहरु

१. खोर बनाउँदा जमिनको सतहदेखि कम्तिमा ९० से.मी. उचाईमा टाँड भएको हुनु पर्दछ।

२. टाँड बनाउँदा ३.५ से.मी. देखि ४ से.मी. चौडाईका काठ वा बाँसका भाटाहरु बिछ्याएर बनाउनु पर्दछ। दुईवटा भाटाको बिचमा १.२५ से.मी.को खाली ठाउँ राखेर टाँड बनाउनु पर्छ।

३. टाँडदेखि छानासम्मको उचाई १५० से.मी. देखि २२५ से.मी. हुनु पर्दछ।

४. काठ, बाँस वा अन्य स्थानीय स्तरमा उपलब्ध अन्य सामाग्रीहरु प्रयोग गरी खोरको खम्बा, भित्ता र छाना बनाउन सकिन्छ।

५. सामान्यतयाः प्रति पाठापाठी ०.६५ देखि ०.७५ वर्ग मिटर, वयस्क माउको लागि १.५ देखि २ वर्ग मिटर र ब्याडको बोकाका लागि २.५ देखि ३ वर्ग मिटरका दरले खोर भित्र बस्ने स्थान आवश्यक पर्दछ।

## अनुसूची-४
## आर्थिक पक्ष

| क्र.सं. | क्रियाकलापहरु | इकाई | लक्ष्य/ परिमाण | लागत अनुमान | लागत सहभागिता | | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पक्ष | दोश्रो पक्ष | |
| १. | समूह/समिति गठन | पटक/ संख्या | १ | २५००।- | २५००।- | - | |
| २. | तालिम | पटक | १ | ६०,०००।- | ६०,०००।- | - | |
| ३. | खोर निर्माण | संख्या | ५५ | ३,३०,०००।- | - | ३,३०,०००।- | |
| ४. | अनुगमन खर्च | पटक | १ | २५,०००।- | २५,०००।- | - | |
| ५. | बोका खरिद | संख्या | ५ | २,५०,०००।- | २,५०,०००।- | - | |
| ६. | बाख्रा खरिद | संख्या | १०० | ६,००,०००।- | ६,००,०००।- | - | |
| ७. | ढुवानी खर्च | पटक | १ | १०,०००।- | १०,०००।- | - | |
| ८. | वितरण कार्यक्रम | पटक | १ | २०,०००।- | २०,०००।- | - | |
| ९. | बिमा खर्च | पटक | १ | १०,०००।- | ११,०००।- | - | |
| १०. | भ्रमण | पटक | १ | २०,०००।- | २०,०००।- | - | |
| ११. | विविध | - | - | २,५००।- | १,५००।- | - | |
| | जम्मा | | | १३,३०,०००।- | १०,००,०००।- | ३,३०,०००।- | |